शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक








वर्ष : ९ | अङ्क : १४२ | २०८० असोज ७ गते आइतबार | 24 Sep. 2023, Sunday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५-


# 'छोरी बचाउँ, छोरी पढाउँ' अभियान प्रभावकारी

## १४ महिनामै ८७ छोरीको बैंक खातामा रकम जम्मा







**घनश्याम भर**

(विजयनगर) कपिलवस्तु, ६ असोज।

कपिलवस्तुको विजयनगर गाउँपालिकामा 'छोरी बचाउँ, छोरी पढाउँ' अभियान प्रभावकारी बन्दै गएको छ । विजयनगरका दम्पत्तीले गाउँपालिकाले चलाएको यो अभियानप्रति आकर्षित भएका छन् । गाउँपालिकाले गत आर्थिक वर्ष २०७९/०८० मा ७३ जना छोरीको खातामा एकमुष्ट रकम जम्मा गरेको छ । त्यस्तै चालू आर्थिक वर्ष २०८०/०८१ मा २ महिनामा मात्रै १४ जना छोरीको खातामा रकम जम्मा गरिएको छ।

यो अभियानअन्तर्गत हालसम्म १४ महिनामा ८७ जना दम्पत्तीका पहिलो छोरीका नामको खातामा रकम जम्मा गरिएको गाउँपालिका सूचना अधिकारी हिमलाल पौडेलले जानकारी दिए।

गाउँपालिकाले परिवारमा पहिलो जन्मिने छोरीका नामको बैंक खाता सञ्चालन गरी १५ हजार रुपियाँ बचत गर्ने कार्यक्रम ल्याएको हो । समाजमा रहेका छोरीप्रतिको नकारात्मक मनोवृतिलाई निश्तेज पार्न 'विजयनगर गाउँपालिका छोरी बचाउँ, छोरी पढाउँ' अभियान चलाएको छ । गाउँपालिकाले यो अभियानले लैंगिक समानता कायम गर्ने पूर्ण विश्वास लिएको छ । विविध घरायसी कारणबाट शिक्षाको उज्यालो घामबाट वञ्चित हुन पुगेका तथा कक्षा छाड्नेहरुको हालको अवस्थालाई मध्यनजर गरी अभियान चलाएको हो । आगामी दिनहरुमा त्यसो हुन नदिन र छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्नका लागि यस अभियानमार्फत गाउँपालिकाले जोड दिएको छ।

विजयनगर गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले बचतका माध्यमबाट भविष्यको आर्थिक बोझ कम गर्ने बताए । सहज जीवन निर्वाह गरि आत्मसम्मानका साथ जीउने वातावरण निर्माणका लागि पहिलो सन्तानको नाममा रहेको बैंक खातामा गाउँपालिकाले एकमुष्ट १५ हजार रुपैयाँको दरले रकम जम्मा हुने गरेको जानकारी दिए । अध्यक्ष थापाले भने; 'परिवारको पहिलो छोरीको खातामा गाउँपालिकाले १५ हजार बचत गर्छ । त्यो शिशुको परिवारलाई पनि अनिवार्य कम्तिमा ५ हजार वा त्यो भन्दा बढी रकम जम्मा गर्न लगाइन्छ। '


▶▶ बाँकी पृष्ठ ४ मा...


# सरकारले निजी क्षेत्रको कुरा सुन्नै चाहेन : उद्योगी–व्यवसायी




**गौतमबुद्ध सन्देश**

भैरहवा, ६ असोज।

सरकारले निजी क्षेत्रको कुरा सुन्ने नचाहेको उद्योगी-व्यवसायीले गुनासो गरेका छन् । उनीहरुले निजी क्षेत्रको कुरा र माग सरकारले नसुनेसम्म मुलुक समृद्ध बन्न नसक्ने बताए।

शनिबार भैरहवामा भएको चेम्बर अफ कमर्श, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) को १६ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनमा बोल्ने उद्योगी व्यवसायीहरुले व्यवसाय छाडेर विदेश पलायन हुने अवस्थाको सिर्जना हुन थालेको भन्दै चिन्ता व्यक्त गरे।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्शका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश अध्यक्ष टंक प्रसाद पोखरेलले सरकारको भर पर्दा अरबौंको लगानीमा जोखिममा परेको बताए। उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने आशामा लगानी गरेका व्यवसायी मारमा परेको बताए। 'राजनीतिक नेतृत्व करेक्शन भएन, लाखौं युवा विदेशिनु डरलाग्दो अवस्था छ । देशलाई आत्मनिर्भर बनाउनुपर्छ । ' बैंकलाई पैसा तिर्दैनौ भनेका छैनौं, बैंकले तनाव दिनु उचित होइन। बैंकले सहजीकरण गर्नुपर्छ, अहिले व्यवसाय बचाउन र टिकाउने बेला हो, 'पोखरेलले भने। उनले जीवनभर आन्दोलन गर्ने भन्दै प्रश्न गरे।

त्यस्तै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खानले उद्योगी-व्यवसायीको हरेक पाइलामा आफू साथ रहेको बताए। उनले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । नगरप्रमुख खानले भने, 'पढेलेखेको जनशक्ति विदेश पलायन हुनु चिन्ताजनक अवस्था हो। '

उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा पूर्ण रुपमा सञ्चालनमा ल्याउनुपर्ने र यसका लागि दबाब दिन आन्तरिक उडान समेत बन्द हुने चेतावनी दिए। चर्को बैंक ब्याजदरले उद्योगी व्यवसायी पीडित भएको उनले बताए।

सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले उद्योगी व्यवसायीसँग सहकार्य गर्दै अघि बढ्नुपर्ने बताइन् । उनले भनिन्, 'प्रत्येक पाइलामा साथ दिन्छौं।' नगर उपप्रमुख अधिकारीले महिलालाई पनि हरेक क्षेत्रमा अवसर दिनुपर्नेमा जोड दिइन्।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले व्यापार घाटा र विदेशिने नेपालीको संख्या बढेको बताए । उनले आफू रुपन्देहीको परिवारको सदस्यको रुपमा आएकोले मर्यादित व्यवसाय प्रवर्द्धनमा उद्योगी व्यवसायीको साथ, समन्वय आवश्यक रहेकोमा जोड दिए।

चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीले राज्यले निजी क्षेत्रसँग सम्बन्धित कानून बनाउने समयमा निजी क्षेत्रका प्रतिनिधिहरुसँग रायसल्लाह गरी निजी क्षेत्रमैत्री कानून निर्माण गर्नुपर्ने बताए। उनले उद्योगी व्यवसायीको सुरक्षाको ग्यारेण्टी गर्नुपर्ने माग गरे।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुर कुमार श्रेष्ठले उनले थुप्रै व्यवसायिक प्रतिष्ठान बन्द भइरहेको भन्दै चिन्ता व्यक्त गरे। उनले अहिलेको अवस्था उद्योगी व्यवसायीको कारणले सिर्जना नभएको बताए । अध्यक्ष श्रेष्ठले आफ्ना माग पूरा गराउन उद्योगी व्यवसायी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए।

चेम्बर अफ कमर्श, रुपन्देहीका निवर्तमान अध्यक्ष नारायण प्रसाद भण्डारीले सरकारले निजी क्षेत्रको आवाज सुन्ने नचाहेको बताए। उनले विषम परिस्थितिमा बैंकबाट सहयोग हुनुपर्नेमा बैंकले ब्याजदर बढाएको बताए । उनले भने, 'निजी क्षेत्रले पनि संयुक्त आन्दोलन गर्नुपर्छ । 'भण्डारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय


▶▶ बाँकी पृष्ठ ४ मा...


# ४६ लाख भन्दा बढी मुल्य बराबरको अवैध सामान बरामद

**सुरेश यादव**

नवलपरासी, ६ असोज।




पश्चिम नवलपरासीको ईलाका प्रहरी कार्यालय महेशपुरले अवैध सामान बरामद गरेको छ । प्रहरी निरीक्षक फल बहादुर तामाङको कमाण्डमा खटिएको प्रहरी टोलीले शुक्रबार नवलपरासी जिल्लाको सरावल गाउँपालिका वडा नम्बर ६ गुजरवाटोलस्थित भुजहवाबाट परासीतर्फ आउँदै गरेको ना ६ ख ४७१६ नम्बरको कन्टेनरलाई रोकी चेकजाँच गर्ने क्रममा उक्त कन्टेनरभित्र भन्सार छली अवैध रुपमा ल्याइएको सामान बरामद गरेको हो।

अन्दाजी २७ लाख ५० हजार ६ सय मुल्य बराबरको जुत्ता, चप्पल, ताला/चावी, कालो पेन, फुल स्प्रे, पेंटिङ्ग ब्रस, एरबड, पेन्सिल, ईलेजर, प्रिन्टरमा प्रयोग हुने चारकोल कालो पाउडर लगायतका मालसामान र कन्टेनर अन्दाजी मूल्य रु.१९ लाख बराबर गरी जम्मा ४६ लाख ५० हजार ६ सय मुल्य बराबरको मालसामान बरामद गरिएको प्रहरीले जनाएको छ। सवारीचालक नवलपरासीको सरावल गाउँपालिका-५ स्थित धनगढवा बस्ने विशाल थारुलाई प्रहरीले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका सूचना अधिकारी प्रहरी नायब निरीक्षक रेशम बोहराले जानकारी दिए।

बरामद सामान, कन्टेनर र चालक समेतलाई आवश्यक कारवाहीको लागि भैरहवा भन्सार कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ।

# पाणिनि क्याम्पसको विकास सबैको साझा एजेण्डा बनाऔं: राज्यमन्त्री श्रीपाली

**नविन रसाईली**

अर्घाखाँची।




संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री शुसिला श्रीपाली ठकुरीले पाणिनी क्याम्पसको विकास सबैको साझा एजेण्डा बनाउनुपर्ने बताइन । सनिवार अर्घाखाँचीको सन्धिखर्कमा रहेको पाणिनी बहुमखी क्याम्पसको ३५ औं वार्षिकोत्सब कार्यक्रममा बोल्दै उनले जिल्लाको शैक्षिक धरोहर भनेर चिनिने पाणिनी क्याम्पसको विकासमा राजनैतिक दल, जनप्रतिनिधी लगायत सबै एकजुट हुनुपर्ने बताइन । श्रीपालीले जिल्लाको विकासका लागि सधै नेतृत्व गरि जान तयार रहेको समेत जिकिर गरिन । "अहिले क्याम्पसमा देखिएका समस्याको समाधानका उपाय खोजी आगामी ३६ औं वार्षिकोत्सब सम्ममा ति समस्या विस्तारै समाधान हुनेछन्," उनले भनिन् "जिल्लाको शैक्षिक धरोहर चलाउन गाह्रो भएको भन्ने कुरा अत्यन्त चिन्ताजनक छ, यसको समाधान तत्काल खोज्नुपर्छ।"

पाणिनी क्याम्पस २०४५ असोज ६ गते स्थापना भएको थियो। अहिले ३५ औ वर्षमा प्रवेश गरेको छ। जिल्लामा सबैभन्दा ठुलो क्याम्पस पाणिनी क्याम्पस हो। पाणिनी क्याम्पस सामुदायिक क्याम्पसका रुपमा संचालन हुँदै आएको छ। जिल्लाका ग्रामिण क्षेत्रबाट सदरमुकाम अध्ययन गर्न आउने विद्यार्थीहरुका लागि यो क्याम्पस शैक्षिक धरोहर मानिन्छ। पाणिनी क्याम्पसमा विगतमा


▶▶ बाँकी पृष्ठ ४ मा...


# एरेन्ज म्यारिज !



रेशा भट्टराई

कथा

**बिहेको दिन साँझ राजको घरमा दुलही भित्राउने रिति सकिएपछि मलाई आराम गर्दै गर्नुस् भनेर दुई जना नानीहरू एट्याच बाथरूम भएको सजाइएको कोठामा छोडेर गए । राज कोठामा आउनुपूर्व नै मैले आफ्नो शारीरिक सरसफाइ राम्रोसँग गरिसकेको थिएँ ।**



'अनि ब्रेकअप कसरी भयो त ?'

'जात मिलेन, परिवारलाई दुखी बनाउन चाहिनँ अनि सहमतिमै च्याप्टर क्लोज !'

'तिमी सम्बन्धमा रहँदा त्यस्तो केही त भएन नि ?'

'ह्वाट ?'

मेरो आवाज अलि चर्को नै भयो कि नजिकै चारो टिप्दै गरेको चरो भुर्रर उड्यो । सायद हामीले खाँदै गर्दा झरेको चना थियो । हामी पार्कमा बसेर खाजा खाँदै, गफिँदै गरेको आधा घन्टा बढी भैसकेको थियो ।

बीस वर्षको उमेरदेखि विवाहको प्रस्तावहरूलाई झेल्न थालेको पनि दस वर्ष भैसकेछ । अब यो टेन्सनलाई क्लोज गरिदिने उद्देश्यले परिवारको अनुरोध स्वीकार गर्दै म राजलाई भेट्न गएको थिएँ ।

राजले मलाई रेष्टुरेन्टमै भेटौँ भनेको थियो तर मेरो पार्कमै भेट्ने करलाई नकार्न उसले सकेन ।

रेष्टुरेन्टमा विवाह गर्ने उमेर पुगेका केटाकेटी कुरा गर्दैछन् भने सर्भ गर्ने निउँमा कुरा सुन्न खोज्ने वेटर अनि नजिकै टेबुलमा खाँदै गरेका मान्छे पनि आँखा खाना तिर, कान अर्कोतिर गरेको अनुभव मैले धेरैपटक गरेको थिएँ ।

म आफ्नो करियर बनाउन व्यस्त भएको त्यो बेला मलाई बिहे गर्नु नै थिएन तर भेट्दैमा के बिग्रिन्छ र भन्ने मेरो परिवारको कुरालाई काट्न नसकेर उहाँहरूको मन राखिदिन उहाँहरुकै अनुरोधमा भेट्न गइदिन्थें । रेष्टुरेन्टमा न मलाई खानु थियो न बोल्नु, चुपचाप एउटा कानले सुन्यो, दुबै कानले उडाइदियो । अन्तिममा सरी भन्यो उठ्यो ।

तर यसपालि त्यही दिन दोहोर्‍याउनु थिएन । अझै केटा छानी बस्न नेपाली समाजअनुसार मेरो उमेर घर्कंदै थियो । यसपालि 'डन' गर्छु भनेर मनमनै 'डन' गरिसकेको थिएँ उसलाई नभेट्दै ।

'सीमा तिमी के सोचेकी ?,' राजको आवाजले म झस्किएँ ।

'मलाई त सुरूमै सोध्नुभयो, के यो बत्तिस तेत्तिस वर्षको उमेरसम्म हजुरको जीवनमा कोही आएन र ?'

'सुन सीमा, म तिमीसँग सबै कुरा नढाँटी सेयर गर्नु चाहन्छु । म सोह्र सत्र वर्षदेखि आजको उमेरसम्म आउँदा मेरा सात आठ वटा गर्लफ्रेन्ड परिवर्तन भए । तिनीहरू सबैसँग नजिक भइयो । बिहे अगाडि आफ्नो चरित्र जोगाउन नसक्ने ती केटीहरूसँग विस्तारै म टाढिएँ । आजकल एकल छु', ऊ मुस्कुरायो ।

मलाई झनक्क रिस उठ्यो तर उसले इमानदारितापूर्वक सबै कुरा भन्नुलाई नै उसको प्लस पोइन्टको रूपमा लिँदै रिसलाई शान्त गराएँ । आखिर शान्त हुनको विकल्प पनि थिएन । यसपालि हजुरहरूले भनेको मान्छेलाई 'नो भन्दिनँ' भनेर परिवारसँग वचनबद्ध थिएँ ।

'राज ! भैगो छोड्दिनुस् विगतका कुरा विगत जेजस्तो भए पनि हामीले अगाडि जीवन सुमधुर बनाउन विवाह गर्ने हो,' राजको कुरा नसकिँदै मैले ग्रीन सिग्नल दिएँ । किनकी मेरो परिवार उसको परिवारसँग नाता जोड्न पाउँदा खुसी थियो ।

'सीमा जिन्दगी त कस्तो रहस्यमयी पो हुँदो रैछ है, यो जमानामा पनि एरेन्ज म्यारिज गर्छु भनेर त सपनामा पनि सोचेको थिइनँ । जन्म, मृत्यु र विवाह स्वर्गमै तय भएको हुन्छ भन्छन् । साँच्चै हो रैछ', राजले मतिर हेर्दै भने ।

हाम्रा अभिभावकले भनेको मितिमै विवाह गर्ने सहमति गरेर पार्कबाट छुट्टियौँ ।

म घर पुग्न पाएको छैन हाम्रो विवाहको मिति तय गर्न राजको परिवार पन्डितलाई लिएर हाम्रो घर पुगिसक्नु भएको रैछ ।

'ओहो !' मेरो मुखबाट अचम्मको भाव प्रकट निस्किनु स्वाभाविकै थियो ।

'हामी खुसीको खबरको पर्खाइमा थियौं । राजले फोन गर्ने बित्तिकै हामी कुदिहाल्यौँ ।' राजको आमाले मतिर हेर्दै भन्नुभयो ।

राजको बुवाआमा मेरो बुवाआमा र पात्रो पल्टाउँदै मिति तय गर्न थाल्नुभयो । म आफ्नो कोठामा ल्यापटपमा काममा बसेँ । मानौं उहाँहरू कुनै ठूलै खोज गरिरहनु भएको छ ।

'सीमा ! तेरो विवाह मंसिर ८ गते तय गरियो,' आमा बैठक कोठाबाटै कराउनु भयो ।

'हुँदैन । विवाह १७/१८ गते मात्र तय गर्नुपर्छ,' टाइप गर्दै गरेको टेक्स्ट पनि सेभ नगरी बैठक कोठातिर दौडिएँ ।

'किन र के हुन्छ ८ गते ? किन १८ गते नै ?', राजको बुवाले आश्चर्य भावले मतिर हेर्दै भन्नुभयो ।

'अममम १६ गते मेरो मिल्ने साथी अमेरिकाबाट आउँछ । उसको टिकट सार्न मिल्दैन र मेरो विवाहमा म उसलाई छुटाउन पनि चाहन्नँ,' एकछिन अक्मकिएर सोचेपछि बल्ल मैले उहाँको उत्तर दिएँ ।

'आजकाल केटाकेटी साथी भनेपछि हुरूक्क । गुरू जी १८ गते साइत छ कि हेरिदिनुस् त?', बुवाले मेरो इच्छालाई समर्थन गर्नुभयो ।

'हुन्न, १८ गते त सीमाको महिनावारीको पालो छ । फेरि उसको जहिले ठीक समयमा महिनावारी हुन्छ', आमाले अलि ठूलै स्वर गरेर भन्नुभयो ।

'ठीकै छ नि त महिनावारी त औषधी खाएर पनि पर सार्न सकिन्छ । आफ्नो मिल्ने साथीलाई आफ्नो बिहेमा सहभागी गराउने सीमाको इच्छा किन मार्नु', बुवाले यो वाक्य बोलिरहँदा म जति खुसी सायदै कोही भए होला । मेरो मनकै कुरा बोलिदिनुभयो । सायद बल्ल बल्ल बिहे गर्न मानेकी छोरी भएर होला उहाँले मेरो कुरा मानिदिनुभएको ।

'१८ गते साइत थियो कि थिएन तर गुरूजीले पनि १८ गते पनि ठीकै छ', भन्नुभयो । सायद मेरो जिद्दीपनको अनुमान उहाँले पनि गर्नुभयो ।

राजको बुवाआमा पनि खुसी हुँदै १८ गते जन्ती लिएर आउने भन्दै बाटो लाग्नुभयो ।

हाम्रो घरमा बिहेको धुमधाम तयारी सुरू भयो ।

मंसिर १५ गते साँझ खाना खाइवरी ल्यापटप बसेर काम गर्दै थिएँ, आमा मेरो कोठामा आउनुभयो ।

'सीमा तेरो बेष्ट फ्रेन्ड आयो त विदेशबाट ?'

'अहँ! आएन आमा, उसको अफिसले बिदा दिएन रे टिकट नै क्यान्सिल गरिसक्यो ।'

'बेकार मैले भनेको नमानेर महिनावारी पर सार्ने औषधी खानुपर्ने भयो । भोलिदेखि विवाहको दिनसम्म लगातार यो औषधि खानु,' आमाले मेरो कोठामा औषधी राखेर जानुभयो ।

मैले राति नै कागजमा पोको पारेर औषधी डस्टबिनमा फालेर सुतेँ ।

१७ गते साँझ नै म कन्सिएस हुनुपर्ने अवस्था आयो । १८ गते बिहेको दिनभर अरूको ध्यान मतिरै थियो । म पनि झनै ध्यानपूर्वक गतिविधि गरिरहेको थिएँ । मलाई मतलब थिएन ऐनाको म दुलही हुँदा कस्ती देखिएँ भनेर हेर्न ।

बिहेको दिन साँझ राजको घरमा दुलही भित्राउने रिति सकिएपछि मलाई आराम गर्दै गर्नुस् भनेर दुई जना नानीहरू एट्याच बाथरूम भएको सजाइएको कोठामा छोडेर गए । राज कोठामा आउनुपूर्व नै मैले आफ्नो शारीरिक सरसफाइ राम्रोसँग गरिसकेको थिएँ ।

बिहान विछ्यौनाको अवस्था नियाल्दै राजले भने- तिमीजस्तो चरित्रवान जीवन साथी पाएर म असाध्यै खुसी छु ।

पुरूष चरित्रवान हुनु पर्दैन ? के चरित्र महिलाले मात्र जोगाउन पर्ने हो ? चरित्रहीन पुरूषले चरित्रवान महिलाको चाहना गर्न मिल्दैन । हरेक क्षेत्रमा आफू असल भएपछि मात्र असल समाजको परिकल्पना गर्नुपर्छ ।

'कता हराएकी सीमा ?', राजको आवाजले झस्किएँ ।

'किन टेन्सन मानेकी म छु नि । आजदेखि हाम्रो जिन्दगीको नयाँ अध्याय सुरू भयो,' राजले मलाई मायाले अंगालोमा बेरे ।

हाम्रो अगाडिको जिन्दगी खुसीपूर्वक बित्ने कुरामा म ढुक्क भएँ । मेरो चरित्र, माइतको इज्जत सबै जोगियो ! ■

## मानव कल्याण मित्रमञ्चको साधारण सभा

# १३ जना महिला तथा बालबालिकाको उद्धार

**गौतमबुद्ध सन्देश**

बुटवल, असोज ६ ।

सामाजिक क्षेत्रमा क्रियाशील मानव कल्याण मित्र मञ्चको पांचौ साधारण सभा भएको छ । मानव कल्याण मित्र मञ्चको शनिबार पांचौ साधारण सभा सम्पन्न भएको हो ।

मानव कल्याण मित्र मञ्च नेपालले साधारण सभामा समाजसेवी, संस्थाको अक्ष्यकोषका लागि सहयोग गर्ने सहयोग दाता, आजीवन सदस्यहरुलाई सम्मान गरेको छ । समाजसेवी तथा सहयोगी पुरुषोत्तम बस्याल, पुनराम अधिकारी लगायतलाई संस्थाले सम्मान गरेको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बुटवल उपमहानगरपालिकाका मेयर खेलराज पाण्डेयले भारतमा अलपत्र परेका नेपालीलाई उद्धार गरेर नेपाल ल्याएर घरपरिवारलाई बुझाउने काम महत्वपूर्ण भएको बताउँदै महिला, बालवालिका तथा मानवीय क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गर्ने प्रतिवद्धता जनाए ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मानव कल्याण मित्र मञ्चले राज्यले गर्ने काम गरेको उल्लेख गर्दै भारतमा अलपत्र परेका नेपाली नागरिकलाई उद्धार गर्ने संस्थालाई प्रशासनले सहयोग गर्ने बताए । मानव कल्याण मित्र मञ्च नेपालका अध्यक्ष दुर्गाप्रसाद अर्यालले मानवीय क्षेत्रमा काम गर्नेगरी संस्था स्थापना गरिएको बताए ।

महिला तथा बालबालिका, वृद्धवृद्धा, शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा विनासर्त काम गरेर मानवीय सेवा गर्ने अध्यक्ष अर्यालको भनाइ छ ।

कार्यक्रममा संस्थाका संरक्षक पुरुषोत्तम भट्टराई, डाक्टर दामोदर भुसाल, संस्थाका सल्लाहाकार तथा पूर्व जिल्ला शिक्षा अधिकारी टेकबहादुर थापा लगायतले बोल्दै भारतमा अलपत्र परेका नेपालीलाई उद्धार गर्ने काम नै मानवीय धर्म भएको बताए ।



संस्थाका अध्यक्ष दुर्गाप्रसाद अर्यालको अध्यक्षता र सचिव कविता पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

२०७५ साल चैत्र ९ गते रुपन्देहीको तिलोत्तमा २ मा स्थापना भएको मानव कल्याण मित्र मञ्च एक गैरराजनीतिक नितान्त सामाजिक संस्था हो । स्थापना कालदेखि मानव कल्या मित्र मञ्च नेपालले मानवीय सेवाको क्षेत्रमा काम गर्दै आएको छ ।

संस्थाले महिला तथा बालबालिका, वृद्धवृद्धा, शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा काम गर्दै आएको छ । कानुनी रुपमा रुपन्देहीमा दर्ता भएपनि मानव कल्या मित्र मञ्चको कार्यक्षेत्र देशरभर र विदेशमासमेत रहेको छ । विशेष गरी छिमेकी देश भारतमा हराएका, अलपत्र परेका, विभिन्न अभियागमा जेलमा रहेका, उपचारको क्रममा अस्पतालहरुमा रहेर नेपाल फर्कन नसकेर समस्यामा परेका नेपाली दाजुभाई, दिदी बैनी, बालबालिका सबैलाई उद्धार गरी नेपाल ल्याएर घरपरिवार तथा आफन्तलाई बुझाउने काम गर्दै आएको छ । भारतमा रहेको प्रवासी मित्रसंगको सहकार्यमा भारतको कानुनी पक्रिया पुरा गरी नेपालीलाई उद्धार गरेर नेपाल ल्याउने मानव कल्याण मित्र मञ्च नेपालको प्रमुख काम बनेको छ । संस्थाका अध्यक्ष दुर्गाप्रसाद अर्यालका अनुसार अहिलेसम्म संस्थागत रुपमा महिला तथा बालवालिका गरी १३ जनाको उद्धार गरी आफन्त तथा घरपरिपवारको जिम्मा लगाइएको छ ।

त्यसैगरी कोभिड महामारीको बेला रुपन्देहीको तिलेत्तमास्थित वडा नम्बर २ मा रहेको अस्पतालका लागि २ लाख ५२ हजारबको आइसियु वेड सहयोग गरेको थियो । त्यस्तै सोही ठाउंमा रहेको दुर्गादत्त माविमा बालवालिकालाई शैक्षिक सामाग्री वितरण गर्नुका साथै न्यानो कपडा स्वीटरपनि सहयोग गरेको थियो ।

## होटल एशोसिएसन रुपन्देही गठन

# उद्योगको मान्यता दिन माग

**गौतमबुद्ध सन्देश**

बुटवल, ६ असोज ।

रुपन्देहीमा होटेल व्यवसायीहरु मात्रै आवद्ध छुट्टै नयां संस्था गठन भएको छ । जिल्लामा होटेल र रेष्टुंरा मिश्रित आधादर्जन बढी संस्था क्रियाशील भएपनि पर्यटकस्तर र तारे होटलहरु मात्रै आवद्ध जिल्लाव्यापी संस्था नभएकाले विशिष्टीकृत संस्थाको रुपमा काम गर्ने गरी होटल एशोसिएसन अफ रुपन्देही नेपाल गठन भएको हो ।

व्यवसायीहरुको बुटवलमा भएको भेलाले क्लब डेनोभोका सञ्चालक प्रविणबहादुर पाठक अध्यक्ष रहेको होटल एशोसिएसन अफ रुपन्देही नेपाल तदर्थ समिति गठन गरेको हो ।

होटलएशोसिएसननेपाल(हान)माआवद्ध हुने गरी गठन भएको एशोसिएसनमा रुपन्देहीका बुटवल,तिलोत्तमा,सिद्धार्थनगर,देवदह,सैनामैना र लुम्बिनी सांस्कृतिक गरी ६ वटै नगर र छपिया क्षेत्रका पांचतारे सहित करिब ५० वटा होटेल आवद्ध रहेका छन् । आफ्नै प्रोपर्टी (जग्गा) मा बनेका र अधिकांश एकल लगानीका स्तरीय होटेलहरु मात्रै एशोसिएसनमा आवद्ध रहेका छन् ।

एशोसिएसनको उपाध्यक्ष दिलिप गौचन,महासचिव विकास पाण्डे, कोषाध्यक्ष पदम केसी, सहकोषाध्यक्ष प्रणदा दीक्षित



तथा सदस्यहरुमा प्रविण शाक्य, ध्रुव पाण्डे, शोभाखर बन्जाडे, टेकनाथ बस्याल रहेका छन् । एशोसिएसनमा अन्य होटेलहरु पनि थपिने क्रममा रहेका संस्थाले जनाएको छ ।

एशोसिएसनले व्यवसायिक एकता र सहकार्य गर्दै आर्थिक मन्दीको मारमा परेका होटल व्यवसायलाई चलायमान र मर्यादित बनाउने अध्यक्ष पाठकले बताए ।

होटेल व्यवसायलाई पर्यटन उद्योगको मान्यता दिलाउन प्राथमिकताका साथ काम गर्ने पाठकले बताए । 'उद्योगको मान्यता नपाउंदा करोडौंदेखि अर्बौं लगानी भएको व्यवसायले सरकारबाट विद्युत महसुल लगायतका कुरामा सहुलियत र राहत पाउन सकेको छैन'-अध्यक्ष पाठकले भने-'सरकारले मुलुकको समृद्धिको आधार पर्यटन भन्ने तर पर्यटकस्तर र तारे होटेलहरुलाई उद्योगको मान्यता दिन पनि कन्जुस्याई गर्नु विडम्वना हो ।' कोरोना महामारीपछि थला परेको होटेल व्यवसाय आर्थिक मन्दीले थप संकटमा परेको तर सरकारले कुनै राहत दिन नसकेको अध्यक्ष पाठकले गुनासो गरे ।

व्यवसायिक एकता र सहकार्य गर्दै व्यवसायलाई चलायमान र मर्यादित बनाउन सरकारसंग नीतिगत सुधारका लागि पहल गर्ने उनले बताए । सरकारको नीति तथा कार्यक्रम, वजेट निर्माण र पर्यटन सम्बन्धी नीति निर्माणमा होटेल एशोसिएसनको प्रतिनिधित्व अनिवार्य गराउन तीनै तहका सरकारसंग पहल गर्ने एशोसिएसनको मुख्य उद्देश्य रहेको उपाध्यक्ष दिलिप गौचनले बताए । भेलामा सहभागी संस्थाका सल्लाहकारहरु एवं हानका केन्द्रीय सदस्य गोपाल राना, अग्रज व्यवसायी माधव नेपाल, महेन्द्रनारायण श्रेष्ठ लगायतले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र यथाशीघ्र सञ्चालनमा ल्याउन,बुटवल-नारायणगढ सडक निर्माण छिटो पुरा गराउन सरकारलाई दबाव दिनुपर्ने खांचो औंल्याए ।

बुटवल-नारायणगढ सडक निर्माण समयमा पूरा नहुंदा र विमानस्थल पुर्ण क्षमतामा नचल्दा ५० प्रतिशत ब्यापार घटेको व्यवसायीको गुनासो छ ।

रुपन्देहीका ठूला होटेलहरु भारतीयका लागि विवाह-व्रतबन्ध पर्यटन (माइस टुरिज्म) को माध्यम हुन सक्ने भएकाले सरकारले नीतिगत सुधार गर्नुपर्ने व्यवसायीको माग छ ।

भारतीय पर्यटकलाई सीमा नाका, अध्यागमन कार्यालय र नेपाल प्रवेश गरेपछि सडकमा ट्राफिक प्रहरीबाट सम्मानजनक व्यवहारको साटो दुःख दिने काम भएको भन्दै यसलाई रोक्नुपर्ने, भारतीय पर्यटकका गाडीलाई रुपन्देही जिल्लाभर चल्न दिनुपर्ने, भारु २५ हजार मात्र साथमा लिएर हिंड्न पाउने प्रावधान अब्यवहारिक भएकाले सरकार स्तरमा वार्ता गरी सहज बनाउनुपर्ने व्यवसायीको माग रहेको महासचिव विकास पाण्डेले बताए ।

अन्तर्राष्ट्रिय हवाई भाडा दरमा नेपाली र विदेशीका बीच ठूलो अन्तर हुंदा विदेशी पर्यटकमा नकारात्मक असर परेकाले विदेशी पर्यटकका लागि हवाई भाडा दर घटाउन एशोसिएसनले पहल गर्ने कोषाध्यक्ष पदम केसीले बताए ।

# 'रोटरी हाफ म्याराथन' असोज २७ गते




**गौतमबुद्ध सन्देश**

भैरहवा, ६ असोज ।

खेलका माध्यमबाट पोलियोविरुद्ध जनचेतना जगाउँदै खोप लगाउन र पोलियो थोपा खुवाउनका लागि अभिप्रेरित गर्ने उद्देश्यले आगामी असोज २७ गते शनिबार रुपन्देहीको भैरहवामा 'रोटरी हाफ म्याराथन' प्रतियोगिता हुने भएको छ । रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगर, रोटरी क्लव अफ सेन्ट्रल लुम्बिनी र रोटरी क्लब अफ भैरहवाको संयुक्त आयोजनामा प्रतियोगिता हुने भएको हो ।

आयोजकले भैरहवामा पत्रकार सम्मेलन गर्दै विश्वबाट पोलियो उन्मुलन गर्न रोटरी इन्टरनेशनलले विशेष भूमिका निर्वाह गरेकोले खेलको माध्यमबाट पोलियोविरुद्ध नेपालमा पनि जनचेतना फैलाउन भैरहवामा म्याराथन गर्न लागिएको जनाएका छन् ।

रोटरी क्लब नेपाल-भुटानको पब्लिक इमेज चेयर एवं म्याराथन कार्यक्रम संयोजक राजकुमार गुप्ताले स्थापना यता रोटरीले म्याराथन गर्दै आएको जानकारी दिए ।

'बीचमा १ वर्ष कोरोना महामारीका कारण म्याराथन हुन सकेन, अन्य समयमा नियमित गर्दै आएका छौं', उनले भने, 'पोलियो दिवसका अवसरमा म्याराथन हुने भएकाले पोलियोविरुद्ध सचेतना फैलाउन सहयोग पुगेको छ नै नयाँ धावक उत्पादन गर्नसमेत टेवा पुगेको हाम्रो विश्वास छ ।'

म्याराथन प्रतियोगितामा नेपालभरीका धावकले भाग लिने गुप्ताले जानकारी दिए । 'गनिएका र कहलिएका धामकले भाग लिनेछन्', उनले भने, 'धेरैलाई यसबारे जानकारी गराइसकेका छौं ।' उनले इन्ट्र फी निःशुल्क भएकाले जोसुकै दौडन सक्ने जनाए । म्याराथनमा प्रथम हुनेलाई रु. १ लाख, दोस्रोलाई रु. ७५ हजार, तेस्रोलाई रु. ५० हजार र सान्त्वना हुने दुईजना पुरुष र दुईजना महिलालाई रु. ५ हजार १ सय नगद पुरस्कार प्रदान गरिने गुप्ताले बताए ।

आयोजक संस्थाले उक्त म्याराथन प्रतियोगिता राष्ट्रिय धावक तथा ओलम्पियन बैकुण्ठ मानन्धरको उपस्थितिमा हुने जनाएका छन् । पोलियो दिवसमा रुपन्देहीमा प्रत्येक वर्ष रोटरी क्लबले म्याराथन गर्दै आएका छन् । अहिले विश्वबाट ९९ प्रतिशत पोलियो उन्मुलन भए पनि अफगानिस्तानमा ५ र पाकिस्तानमा २ जना पोलियोका बिरामी पेला परेका छन् । यसलाई निर्मूल पार्न रोटरी अभियान चलाइरहेको छ ।

पत्रकार सम्मेलनमा बोल्दै रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगरका अध्यक्ष नारायण प्रसाद भण्डारीले म्याराथनले पोलियोविरुद्ध सचेतनासँगै भैरहवा, लुम्बिनी र यस आसपासका पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन समेत गर्ने बताए । रोटरी क्लब अफ भैरहवाका अध्यक्ष उमेश चन्द्र आचार्य र रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीका अध्यक्ष रामबहादुर कोइरीले रोगविरुद्ध सचेतना जगाउँदा धेरैले जानकारी पाउने र सचेत हुने बताए । उनीहरुले यो कार्यक्रमले रोगविरुद्ध जनचेतनासँगै भैरहवा क्षेत्रलाई चलायमान बनाउन समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

पत्रकार सम्मेलनमा ओलम्पियन मानन्धरले विभिन्न किसिमका खेलकुदका माध्यमबाट रोगविरुद्ध सचेतना फैलाउनु सकारात्मक भएको जनाए । उनले म्याराथनमा महिला सभागिता र पोलियोका बिरामीलाई पनि ल्याउन सके अझै प्रभावकारी हुने सुझाव दिए ।

२१ किलोमीटर लामो म्याराथनमा सहभागी धावकहरुको सबैको इन्स्योरेन्स गरिनेछ । म्याराथन प्रतियोगिता सम्पन्न गर्नका लागि १२ लाख रुपैयाँ खर्च लाग्ने आयोजकको अनुमान छ ।

# बसन्तपुरमा २ करोड लगानीमा मनोरन्जन संरचना थपिंदै

बुटवल,५ असोज । लुम्बिनी केबलकार लिमिटेडले टप स्टेशन बसन्तपुरमा साहसिक खेल जीपलाइन सञ्चालनमा ल्याएको छ । ४० लाख लागतमा बनेको जीपलाइन एक सय ५० मिटर लम्बाईको छ । एक हप्तासम्म परीक्षण गरेपछि आम सर्वसाधारणका लागि कम्पनीले जीपलाइन नियमित सञ्चालन गरेको हो । सञ्चालनमा आएसंगै जीपलाइनमा चढ्न विशेषगरी युवा युवतीको बढी आकर्षण रहेको कम्पनीले जनाएको छ ।

बुटवलको बमघाटमा रहेको बटम स्टेशनबाट केबलकार चढेर पालपाको तिनाउ गाउपालिका ३ बसन्तपुर आउने पर्यटकलाई साहसिक खेलको आनन्द र मनोरन्जन दिलाउन जीपलाइन सञ्चालन गरेको कम्पनीका इन्जिनियर सनी चौरसियाले बताए । केबलकार चढ्न आउने पर्यटक मध्ये दैनिक सरदर ७० जना जीपलाइन चढ्ने गरेका चौरसियाले बताए । जीपलाइनमा ६ जनाले रोजगारी पाएका कम्पनीले जनाएको छ ।

केबलकारमा आउने आन्तरिक र विदेशी पर्यटकको मनोरन्जनका लागि कम्पनीले थप डेढ करोड बढी लगानीमा स्काई साइक्लिङ, विद्युतीय पिङ, बाल उद्यान र सेल्फी जोन लगायतका संरचनाहरु बनाउने प्रकृयामा रहेको इन्जिनियर चौरसियाले बताए । आगामी दुई महिनाभित्र यी सबै संरचनाहरु तयार गरी पर्यटकहरु दिनभर भुल्न सकिने वातावरण बनाउने उनले बताए ।

जीप लाइन चढ्नेहरुले यो खेल निकै रोमाञ्चक र रमाइलो लागेको प्रतिक्रिया दिने गरेका छन् । उनीहरुले केबलकार सञ्चालनले बुटवलमा नयां र आकर्षक पर्यटकीय गन्तब्य थपिएको र यसले प्रदेशको राजधानी बुटवलबाट दाङ सरेपछि बुटवलको चहलपहल र ब्यापारमा केही मात्रामा सुधार भएको बताएका छन् ।

**साढे ३ महिनामा ७४ हजार जना चढे केबलकार**

केबलकार सञ्चालनमा आएको साढे ३ महिनामा ७४ हजार ५० जना पर्यटकले केबलकार चढेका कम्पनीका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले जानकारी दिए । जसमा ४ हजार ५५ जना भारतीय र १९ जना तेस्रो मुलुकका रहेका छन् । जीपलाइन संगै स्काई साइक्लिङ, विद्युतीय पिङ, बाल उद्यान पनि तयार भएपछि बसन्तपुर स्वदेशी र विदेशी पर्यटकको आकर्षण र रोजाईको गन्तब्य बन्ने कम्पनीको विश्वास छ । समुद्री सतहबाट १२ सय मिटर उचाईमा रहेको बसन्तपुरमा गर्मी मौसममा तराईमा भन्दा झण्डै १० डिग्री सेल्सियस तापक्रम कम हुने हुंदा शीतल हुने हिउंदमा तराईमा हुस्सु र जाडो हुंदा घाम लागेर न्यानो हुने भएकाले बसन्तपुर पर्यटक मात्र नभई सर्वसाधारणको पनि घुम्न जाने रोजाईको थलोमा पर्ने छ । नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष समेत रहेका चन्द्र ढकाल नेतृत्वको आईएमई ग्रुपको मुख्य लगानी रहेको कूल ५ अर्ब लागतको केबलकारको

टप स्टेशनमा बनेको कामाख्यादेवी मन्दिर र सय वर्ष पुरानो दुर्गा मन्दिर पनि धार्मिक हिसाबले केबलकारको विशिष्ट आकर्षण बनेका छन् । कामाख्या मन्दिरको दर्शनका लागि भारतको उत्तर प्रदेशका विभिन्न शहरबाट समेत उल्लेख्य संख्यामा दर्शनार्थीहरु आउने गरेका कम्पनीले जनाएको छ । कामाख्या देवीको दर्शनले मनोकामना पुरा हुने र जीवनमा आइपर्ने संकटबाट मुक्ति पाइने भएकाले दर्शन गर्न आएको ब्यासाचार्य पण्डित नारायणप्रसाद पोखरेलले बताए ।

टप सटेनशमा साढे ३ अर्ब लागतमा २ वर्षभित्र १ सय ५० कोठा,एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनो सहित पांच तारे होटेल बनाउने योजना छ ।

केबलकारले प्रत्येक टिकट मुल्यको २ प्रतिशत सेवा शुल्क वापत बुटवल उपमहानगरपालिका र तिनाउ गाउंपालिकालाई दिंदै आएको छ । २.६ किलोमिटर दुरीको लुम्बिनी प्रदेशकै पहिलो केबलकार गत जेठ १५ गतेदेखि सञ्चालनमा आएको हो । केबलकारले अधिकांश स्थानीय सहित हाल करिब सय जनालाई रोजगारी दिएको छ भने पांचतारे होटेल सञ्चालनमा आउंदा पांच सय बढीले रोजगारी पाउनेछन् ।

**वार्षिक साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना**

होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रुपन्देहीको दशौं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशन निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएको हुदाँ सम्बन्धीत सम्पूर्ण सदस्यहरुलाई पत्र पठाइसकिएको छ । यदि कारणबस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी उपस्थिती भइदिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**कार्यक्रम**:

**मिति**: २०८० आश्विन ११ गते विहिवार
**स्थान**: सिद्धार्थनगर-९, उदयपुर (संस्थाको कार्यालय)
**समय**: विहान ९:०० बजे

**छलफलका प्रस्तावहरू**:

१. अध्यक्षको प्रतिवेदन सम्बन्धमा,
२. कार्यसमितिको तर्फबाट महासचिवको प्रतिवेदन,
३. आ.व. २०७९/८० को आर्थिक प्रतिवेदन,
४. आ.व. २०८०/८१ को लेखापरिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा,
५. साधारण सभाको माइन्युट लेखन तथा प्रमाणित गर्न समिति गठन सम्बन्धमा,
६. विधान संशोधन सम्बन्धमा,
७. निर्वाचन सम्बन्धमा।

**राजेश महोत्रा**
महासचिव

**पिताम्बर न्यौपाने (विष्णु)**
अध्यक्ष

**होटल तथा रेष्टुरेण्ट व्यवयासी संगठन**
**रूपन्देही**

**श्री जय बागेश्वरी बहुमुखी सहकारी संस्था लि.**
सिद्धार्थनगर-३, भैरहवा, रुपन्देही

**बार्षिक साधारण सभा सम्बन्धी सुचना**

यस संस्थाको मिति २०८०/०५/२९ गतेको सञ्चालक समितिको बैठकको निर्णयनुसार १८ औं वार्षिक साधारण सभा २०८०/०६/२७ गते शनिवारका दिन द दरवार वैंक्विट, सिद्धार्थनगर–६, रुपन्देहीमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**उदघाटन सत्र** : बिहान ११ बजे
**दिवा भोज समय** : उदघाटन सत्र पश्चात
**बन्द सत्र** : दिवा भोज पश्चात

**प्रस्तावहरू** :

१) अध्यक्षको वार्षिक प्रतिवेदन तथा भावी योजनासहितको मन्तव्य ।
२) आ.व २०७९/२०८० को लेखा सुपरीवेक्षणको प्रतिवेदन सम्बन्धमा ।
३) आ.व २०७९/२०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४) आ.व २०८०/२०८१ को लेखापरीक्षकको नियुक्ति र निजको परिश्रामिक तोक्ने सम्बन्धमा ।
५) आ.व.२०८०/२०८१ को अनुमानित बजेट सम्बन्धमा ।
६) विनियम तथा कार्यविधि संसोधन सम्बन्धमा ।
७) साधारण सभा निर्णयपुस्तिका प्रमाणित गर्ने प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
८) विविध सम्बन्धमा ।

**अशोक कुमार शाह**
**अध्यक्ष**

**बि.एस.पाल्पाली सुन–चाँदी पसल**
सि.न.पा.-१२, मिलनचोक, रूपन्देही



प्रो. विनोद रसाईली एण्ड सुमित्रा
मो. 9841564044, 9806934092

हामीकहाँ अर्डर बमोजिम सुनचाँदीका गहना बनाउनुका साथै रेडिमेड गहना पनि पाइन्छ र पुराना गहनासँग नयाँ गहना साटिन्छ ।

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# खुकुरी प्रहारबाट महिलाको मृत्यु, २ जना घाइते

दाङ, ६ असोज। (गौबुस)

दाङको तुलसीपुरमा खुकुरी प्रहारबाट एक जनाको मृत्यु भएको छ। अन्य दुईजना घाइते भएका छन्।

मृत्यु हुनेमा तुलसीपुर उपमहानगरपालिका-११ बेलटाकुराकी भगवती टोलकी अन्दाजी ४३ वर्षीया रीता लामिछाने रहेकी छन्। शनिबार दिउँसो साढे २ बजे स्थानीय टेकबहादुर हमालको खुकुरी प्रहारबाट उनको मृत्यु भएको प्रहरीले जनाएको छ। आफ्नै घर अगाडि रहेका बेला लामिछानेमाथि खुकुरी प्रहार भएको र घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक नवराज केसीले जानकारी दिए। त्यस्तै खुकुरी रहारबाट सोही ठाउँका ४५ वर्षीय वीरबहादुर हमाल र ६५ वर्षीय कमलाकुमारी हमाल घाइते भएका छन्। उनीहरुको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ। खुकुरी प्रहार गर्ने टेकबहादुरलाई घरभित्र लुकिरहेको अवस्थामा खुकुरीसहित प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०६/०७*

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ.बाट प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८० साउन १ गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ११ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८० बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीका साथै नगरपालिकाभित्र उत्पादनभई निकासी हुने जीवजन्तु, फलफूल, तरकारी, जडिबुटीलगायतका वस्तुको निकासी कर संकलन गर्ने प्रयोजनका लागि (नदीजन्य पदार्थको हकमा सम्झौता भएको मिति देखि २०८१ साल जेष्ठ मसान्तसम्म र निकासी कर संकलनका लागि सम्झौता भएको मिति देखि २०८१ साल असार मसान्तसम्म) आ.ब.०८०/०८१ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्यअभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्तानहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरी यस कार्यालयबाट मिति २०८०/०६/२१ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।
२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट सँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सही छाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८०/०६/२२ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८०/०६/२२ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिमदिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँचीस्थित धरौटीखाता नं.२५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यताप्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्र दातासँग सम्झौता गरी ठेक्काको चलानपूर्जी दिइने छ।

**तपसिल**

**नदीजन्य पदार्थको सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं. : २५८७०८६९८६८००११८, विभाज्यकोष खाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।

**निकासीको सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं. : २५८७०८६९८६८००१३८, आन्तरिक आयखाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेकाफर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्यअभिवृद्धि कर लाग्ने छ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दशप्रतिशत सम्म रकम छूट दिन सकिनेछ।
१०. यस सम्बन्धी थप सूचनाजारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचनापाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सुचनाको अङ्ग मानिने छ।
११. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ।
१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९७८७/९८५७०६९७६६/९८५७०६६६०६ मा सम्पर्क गर्न सकिने छ।

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेलउत्खनन्, संकलन तथा बिक्री कर संकलन र निकासी कर संकलन सम्बन्धी ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | २०८०/०८१ को लागि कायम न्यूनतम ठेक रकम (मु.अ.कर बाहेक) | संकलन गर्न पाउने रकम (१३५ मु.अ.कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 3/BMA/W/IR/080/81 | दुर्वाङ्गखोला | आँपखोलाभ्रो.पू. देखि दक्षिणतर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग झो.पू. बगर क्षेत्र देखि दक्षिणतर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म। | ४८८०५८ | ६.०० | प्रति क्यू फिट | २३०५ |
| 4/BMA/W/IR/080/81 | खाकाबेसी खोला | पाकुरे/काउले बगर क्षेत्र | ४४४६६ | ६.०० | ,, ,, | २१० |

**नगरभित्र उत्पादन भई निकासी हुने कवाडीजन्य वस्तु र खाद्यवस्तु**

| ठेक्का नं. | विवरण | निकासी कर संकलन सम्बन्धीशीर्षक | न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 6/BMA/W/IR/080/81 | निकासी कर | नगरपालिका भित्र उत्पादन भई निकासीहुनेजीवजन्तु,फलफूल,तरकारी, जडिबुटी लगायतका वस्तु | ७५००० |

## सरकारले...

विमानस्थल सञ्चालनमा नआए अब आन्तरिक उडान बन्द गरेर आन्दोलन सुरु गर्नुपर्ने बताए।

संस्थाका सल्लाकाकार विश्वराज बराल (अनुप) ले स्वदेशी वस्तुको प्रवर्द्धन गर्न राज्यको भूमिका महत्वपूर्ण हुने बताए।

संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकार खिम बहादुर खत्रीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि विभिन्न चरणको आन्दोलन गरिएको बताए।

लुम्बिनी प्रेस क्लब, रुपन्देहीकी अध्यक्ष सम्झना शर्माले उद्यमशीलतालाई प्राथमिकता दिएर व्यापार घाटा कम गर्न सकिने बताइन्। माउण्ट एभरेष्ट कत्था मिल्स प्रा.लि. तिलोत्तमा-१६, रुपन्देहीका सञ्चालक बसन्त रोक्का क्षेत्रीले मुलुकमा सुधार गर्नुपर्ने धेरै कुराहरु रहेको बताए। चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीको अध्यक्षता, नेपाल चेम्बर अफ कमर्श, लुम्बिनी प्रदेशका अध्यक्ष टंक प्रसाद पोखरेलको प्रमुख आतिथ्यता, चेम्बर अफ कमर्श, रुपन्देहीका वरिष्ठ उपाध्यक्ष दर्पण श्रेष्ठको स्वागत तथा महासचिव सचिन रोक्काको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

**अध्यक्षमा श्रेष्ठ**

चेम्बर अफ कमर्श, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) को अध्यक्षमा दर्पण श्रेष्ठ निर्वाचित भएका छन्। शनिबार भैरहवामा सम्पन्न संगठनको १६ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनबाट आगामी कार्यकालका लागि श्रेष्ठ अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका हुन्।

त्यस्तै संगठनको निवर्तमान अध्यक्षमा अनिल कुमार ज्ञवाली, वरिष्ठ उपाध्यक्षमा सचिन रोक्का, उपाध्यक्ष (उद्योगतर्फ) मधुसुदन अर्याल, उपाध्यक्ष (वाणिज्यतर्फ) राम मिलन यादव, महासचिवमा लक्ष्मी अधिकारी, कोषाध्यक्षमा सुरेन्द्र कुमार पाण्डेय, सचिवमा गौतम कुमार गुप्ता र कृष्ण प्रसाद पाण्डे रहेका छन्। त्यसै गरी सह-कोषाध्यक्षमा सन्तोष शुक्ला र एशोसियट सदस्यमा राम अवध गुप्ता रहेका भएका छन्।

निर्वाचन समितिका अनुसार संगठनको उद्योग सदस्यतर्फ प्रभुप्रसाद यादव, राम प्रसाद भण्डारी, सिकन्दर अलि धुनिया र राम प्रसाद श्रेष्ठ निर्वाचित भएका छन्। त्यसै गरी वाणिज्य सदस्यतर्फ गोविन्द सापकोटा जैसी, कृष्ण प्रसाद मरासिनी, दिनेश गुप्ता र धिरज कुमार मल्लिक निर्वाचित भएका छन्। संगठनको महिला सदस्यमा माया खनाल र मिनिता थापा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

**सह-सम्पादक गुप्तालाई 'सिद्धार्थ चेम्बर अफ कमर्श पत्रकारिता पुरस्कार'**

चेम्बर अफ कमर्श, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) ले गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिकका सह-सम्पादक रबिन्द्र प्रताप गुप्तालाई 'सिद्धार्थ चेम्बर अफ कमर्श पत्रकारिता पुरस्कार-२०८०' बाट सम्मान गरेको छ।

सिद्धार्थनगरलाई कर्मथलो बनाएर निरन्तर क्रियाशिल रही उद्योग, व्यापार, पर्यटन, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि पत्रकारिता क्षेत्रमार्फत योगदान पुर्याएको भन्दै गुप्तालाई नगद रु. २५ हजारसहित सम्मानपत्रद्वारा सम्मान गरिएको संस्थाले जनाएको छ।

उनलाई शनिबार भैरहवामा भएको चेम्बर अफ कमर्श, रुपन्देहीको १६ औं वार्षिक साधारण सभा तथा ८ औं अधिवेशनको अवसरमा नेपाल चेम्बर अफ कमर्श, लुम्बिनी प्रदेशका अध्यक्ष टंक पोखरेल, सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खान, उपप्रमुख उमा अधिकारी, चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीलगायतले सम्मान गरेका हुन्। यसअघि सिद्धार्थ चेम्बर अफ कमर्श पत्रकारिता पुरस्कारबाट गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिकका सम्पादक कुलमणि ज्ञवाली सम्मानित भइसकेका छन्। त्यस्तै कार्यक्रममा उद्योगी, व्यवसायी, संस्थाका आजीवन सदस्यहरुलगायतलाई सम्मान गरिएको थियो।

## पाणिनि...

भन्दा अहिले विद्यार्थीको संख्यामा कमि आएको क्याम्पसका निमित्त प्रमुख लक्ष्मण पोखेलले बताए। उनका अनुसार विद्यार्थीलाई क्याम्पसमा टिकाउन धौं धौं भएको छ। विगतमा ९ सय ५० देखि १ हजार विद्यार्थी हुँदै आएकोमा अहिले लगभग ८ सय ५० जना जति रहेका रहेका छन्। यसको प्रमुख कारण विद्यार्थीहरु अध्ययन गर्न बाहिरी देशमा जानु भएको पोखेलले बताए। यस्तै उनले क्याम्पस चलाउन निकै गाह्रो भएको जानकारी दिए। "क्याम्पस चलाउन निकै गाह्रो भएको छ, शिक्षकलाई तलव पनि दिन सक्ने अवस्था छैन्" उनले भने "क्याम्पस अहिले धेरै ऋणमा रहेको छ, त्यसमाथी विद्यालयका भवनहरु पनि जिण्र बन्दै गएका छन्।"

अर्घाखाँची, गुल्मी, प्युठान लगायतका स्थानहरुबाट विद्यार्थी पाणिनी अध्यनन गर्न आउने गर्छन्। यति धेरै क्षेत्रलाई समेटने यस क्याम्पसको भौतिक, आर्थिक अवस्था निकै कमजोर भएको छ। प्रायः सबै स्थानिय शिक्षकहरु भएकै कारण क्याम्पस जनतन चलेको कार्यक्रममा बोल्ने वक्ताहरुले बताए। यति धेरै समस्याहरु हुँदा समेत यहाको शैक्षिक गुणस्तर भने निकै राम्रो भएको क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरु बताउन्छन्। त्रिविका १८ देखि २० प्रतिशत मात्र उत्तीर्ण हुँदा यस क्याम्पसका ३५ देखि ४० प्रतिशत विद्यार्थी प्रत्येक वर्ष उत्तीर्ण हुने गरेका निमित्त क्याम्पस प्रमुख पोखेलको भनाइ छ। कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश सभा सदस्य रामजी प्रसाद घिमिरेले यो देशको विकास नहुनु राजनैतिक अस्थिरता रहेको बताए। देशमा हुने पटक-पटकका सरकार परिवर्तन विकासका बाधक बनेका उनको भनाइ छ। स्थिर सरकार नहुदा जनताले अपेक्षा गरे अनुसार विकास र समृद्धि हुन नसकेको उनले जिकिर गरे। यस्तै उनले क्याम्पसको विकासका निम्ति अहोरात्र खट्ने जानकारी दिए।

पाणिनीमा अर्घाखाँचीका ग्रामिण क्षेत्रका विद्यार्थीहरु अध्ययन गर्न आउन्छन्। पाणिनी भौतिक र आर्थिक रुपमा कमजोर भएपनि शैक्षिक रुपमा अब्बल छ। हाल यहाँबाट शिक्षा शात्र, व्यवस्थापन शात्र, राजनैतिक शास्त्र, लगायत अध्यापन हुदै आएका छन्। पाणिनीलाई त्रिवि अन्तर्गतको आंगिक क्याम्पसमा रुपान्तरण गर्नुपर्ने सबैको माग छ।

## छोरी...

बैंकमा जम्मा गरिएको रकम २० वर्षका लागि बचत गरिने र छोरी २० वर्ष पुग्दा उच्च शिक्षाका लागि प्रयोग गर्न सकिने उद्देश्यले यो कार्यक्रम अघि सारिएको उनको भनाइ छ। उनले यो अभियानले बाल विवाहको अन्त्य हुने बताउँदै छोरीको बिहेवारी गर्दा लाग्ने खर्चमा केही राहतसमेत पुग्ने बताए। ग्रामीण क्षेत्रमा छोरीलाई पढाउन र उनको भविष्य सुन्दर बनाउन यो कार्यक्रम ल्याइएको गाउँपालिका अध्यक्ष थापाले बताए।

त्यस्तै गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले छोरीको नाममा बैंकमा जम्मा गरिएको रकम पाउन गाउँपालिकाले गर्भवतीले नियमित स्वास्थ्य संस्थामा जाँच गरे/नगरेको रिपोर्ट कार्ड अनिवार्य गराएको बताइन्। उनले यसरी गर्भावस्थामा जाँच गर्नेको संख्यामा पनि वृद्धि हुने गाउँपालिकाले अपेक्षा लिएको जिकिरसमेत गरिन्। गर्भवतीले अनिवार्य बर्थिङ सेन्टरमा शिशु जन्माएको हुनुपर्ने बताउँदै शिशु जन्मेको ३५ दिनभित्र नै जन्मदर्ता गराई सक्नुपर्ने व्यवस्था रहेकाले जन्म दर्ता पनि समयमा नै हुने उपाध्यक्ष चौधरीले बताइन्। उनले तराई-मधेशमा महिलाको नागरिकता समयमा नै नबनाउने दरमा यो कार्यक्रमले कमी ल्याउने बताउँदै यसले महिला हिंसा न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन्। प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले गाउँपालिकाबाट छोरी बचाउँ, छोरी पढाउँ अभियानका माध्यमबाट कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि विजयनगर गाउँकार्यपालिकाले निर्देशिका बनाई लागू गरेको जानकारी दिए। उनले विजयनगर गाउँपालिका छोरी बचाउँ, छोरी पढाउँ अभियान सञ्चालन निर्देशिका २०७८ रहेको बताए। रिजालले विजयनगर गाउँपालिका क्षेत्रभित्र बसोबास भएका विवाहित दम्पत्तीबाट जन्मिएका पहिलो छोरीलाई बुझ्नुपर्ने बताउँदै पहिलो, दोस्रो वा सो भन्दा बढी सन्तान छोरा भएकोमा सो पछि जन्मिएको पहिलो छोरीलाई समेत जनाउने बताए। उनकाअनुसार गाउँपालिकाले एकमुष्ट बीउ पुँजीको कोषको रुपमा जम्मा गर्छ। सो कोषमा अभिभावकले आफ्नो इच्छा अनुसार थप रकम जम्मा गर्न सक्नेछन्। विजयनगरको वडा नम्बर २ जर्लैया बस्ने रिता यादवले आफ्नी पहिलो छोरी राधिका यादवको नाममा बैंकमा खोलिएको खातामा गाउँपालिकाले १५ हजार रुपैयाँ जम्मा गरेको बताइन्। उनले गाउँपालिकाले उक्त रकम दावीका लागि बनाइएको सबै मापदण्ड पूरा गरेकोले छोरीको नाममा सो रकम र थप ५ हजार गरि खातामा जम्मा भएको सुनाइन्। उनले विजयनगरका सम्पूर्ण छोरीहरुको उज्ज्वल भविष्यका लागि सराहनीय काम भएको भन्दै प्रशंसा समेत गरिन्। नियमित विद्यालय जान र शिक्षाप्रति आकर्षित गर्न गाउँपालिकाले हरेक वर्ष कक्षा ६ भन्दामाथि अध्ययनरत छात्रालाई साइकल, शैक्षिक सामग्री र छात्रावृत्ति वितरण गर्दै आइहेको गाउँपालिकाले जनाएको छ।

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनि**कका लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल